**बैजनाथ गाउँपालिका**

# बैजनाथ राजपत्र

**खण्ड : ०५ संख्या : ०४ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/१४**

## संस्थागत विद्यालय सञ्चालन अनुमति कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१०/१६
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१०/२५

**प्रस्तावनाः**

नेपालको संविधानले माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको छ । स्थानीय सरकार संञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्र भित्र उक्त ऐनको दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि उपदफा (ज) २ मा सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने भन्ने उल्लेख छ । संघीय शासन संरचना अनुरुप स्थानीय तहमा संस्थागत विद्यालय स्थापना, कक्षा थप, तह थप, सञ्चालन, व्यवस्थापन लगायतका आधारभूत पक्षहरुमा अनुमति तथा नियमनका लागि एकरुपता कायम गर्ने र विधि सम्मत रुपमा व्यवहारिक कार्यान्वयन गर्न वान्छनीय भएकोले संस्थागत विद्यालय स्थापना, कक्षा थप,तह थप, सञ्चालन, व्यवस्थापन अनुमति तथा नियमन गर्नको लागी सहजता प्रदान गर्न मार्गदर्शनको रुपमा यो कार्यविधि तयार पारिएको छ ।

## परिच्छेद– एक

### (१) सङक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम 'संस्थागत विद्यालय सञ्चालन अनुमति कार्यविधि २०७८' रहेको छ ।

२. यस कार्यविधि स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. यस कार्यविधि संस्थागत विद्यालयहरुको हकमा मात्र लागु हुनेछ ।

## परिच्छेद –दुई

**(२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

१. 'संस्थागत' विद्यालय भन्नाले नेपाल सरकारबाट संस्थागत विद्यालयको रुपमा अनुमति लिएका विद्यालयलाई जनाउँदछ , सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी गुठी, सहकारी तथा कम्पनीको रुपमा अनुमित प्राप्त गरी नेपाल सरकारबाट अनुदान नपाउँने गरी सञ्चालित विद्यालयहरुलाई समेत जनाउँदछ । साथै सो शब्दले बैजनाथ गाउँपालिकाबाट अनुमति लिई सञ्चालन हुने सोही प्रकृतिका विद्यालयहरु समेतलाई जनाउँदछ ।

२. 'प्रारम्भिक बाल शिक्षा केन्द्र ( प्रि प्राइमरी स्कूल)' भन्नाले नर्सरी, एल के जी र यु के जी का कक्षाहरु सञ्चालित विद्यालयहरु जनाउँदछ जसले ३ देखी ५ बर्ष उमेर समुहका बालबालिकाहरुलाई मात्र पठन पाठन गराउँदछ ।

३. 'आधारभूत संस्थागत विद्यालय' भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित संस्थागत विद्यालयहरुलाई जनाउँदछ ।

४. 'माध्यमिक संस्थागत विद्यालय' भन्नाले कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालित संस्थागत विद्यालयहरुलाई जनाउँदछ सो शब्दले कक्षा ९ देखि कक्षा १२ सम्म अध्यापन गर्ने संस्थागत विद्यालयहरु समेतलाई जनाउँदछ ।

५. 'अनुमति' भन्नाले नेपाल सरकार वा बैजनाथ गाउँपालिकाले स्थायी स्वीकृत र सहायता प्रदान गरि नसकेको र पुर्णता निजी स्रोतमा कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको इजाजत पत्रलाई जनाउँदछ ।

६. 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ ।

७. 'निरिक्षक' भन्नाले विद्यालय निरिक्षण गर्न तोकिएको अधिकृतलाई जनाउँदछ ।

८ 'गाउँपालिका' भन्नाले बैजनाथ गाउँपालिका बाँकिलाई जनाउँदछ ।

९ 'गाउँकार्यपालिका' भन्नाले बैजनाथ गाउँ कार्यपालिकालाई जनाउँदछ ।

१० 'सामाजिक विकास समिति' भन्नाले बैजनाथ गाउँपालिका गाउँकार्यपालिकाबाट गठित समितिलाई जनाउँदछ।

११ 'गाउँ शिक्षा समिति' भन्नाले बैजनाथ गाउँपालिका गाउँकार्यपालिकाबाट गठित गाउँ शिक्षा समितिलाई जनाउँदछ

१२ 'शैक्षिक सत्र' भन्नाले विद्यालयमा अध्ययन गराइने बार्षिक अवधि सम्झनुपर्दछ ।

१३ 'शैक्षिक गुठी' भन्नाले संस्थागत विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुहले नाफा नलिने उदेश्यले संस्थापना गरेको निजी वा सार्वजनिक गुठी सम्झनुपर्दछ ।

## परिच्छेद—तीन

### (३) संस्थागत विद्यालय खोल्ने अनुमति सम्बन्धि व्यवस्थाः

१ कुनै नेपाली नागरिकले बैजनाथ गाउँपालिका बाँके भित्रको क्षेत्रमा संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई अनुसुची—१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयको सिफारिस, विद्यालयको क्षेत्र वरिपरीका सामुदायिक तथा संस्थागत विद्यालयको सहमति र आवश्यक कागजातहरु सहित शैक्षिक सत्र शुरु हुनु भन्दा तीन महिना अगावै गाउँपालिकाको कार्यालयमा अुनमतिका लागि निवेदन दिनुपर्नेछ ।

२ उपदफा १ बमोजिम निवेदन परेमा गाउँपालिकाको कार्यालयले सो निवेदन उपर जाँचबुझ गरि विद्यालय खोल्न अनुमितिका लागि आवश्यक कागजात एव अन्य विवरणहरु मनासिव देखिएमा तोकिएको अधिकृतबाट प्रस्तावित विद्यालयको स्थलगत निरिक्षण र जाँचबुझ गर्ने गराउने गरी निवेदन दर्ताको व्यवस्था गर्नेछ ।

३ संस्थागत विद्यालय खोल्नका लागि अनुसुची —२ बमोजिमको पूर्वाधार पुरा गरेको हुनुपर्नेछ ।

४ शैक्षिक सत्र शुरु हुन भन्दा कम्तिमा १५ दिन अगावै गाउँपालिकाको कार्यालयले शिक्षा शाखाको कर्मचारीलाई अनुसूची—२ बमोजिमको पूर्वाधार पुरा भए नभएको सम्बन्धमा प्रस्तावित विद्यालयको स्थलगत निरीक्षण र जाँचबुझ गरी प्रतिवेदन पेश गर्न खटाई निजबाट स्पष्ट राय सहितको लिखित प्रतिवेदन लिनेछ , साथै सामाजिक विकास समितिका संयोजक तथा निजले तोकेको सो समितिको अन्य सदस्य समेतलाई आवश्यकता अनुसार स्थलगत निरिक्षण र जाँचबुझका लागि खटाई पठाउन सकिनेछ ।

५ उपदफा ४ बमोजिम स्थलगत निरीक्षण जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि सामाजिक विकास समिति र गाउँ शिक्षा समितिको राय एवं सिफारिस सहित गाउँ कार्यपालिकामा छलफलका लागि पेश गरी नयाँ विद्यालय स्थापना वा तह थप वा कक्षा थप सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अनुमति दिइने छ ।

६ उपदफा ५ बमोजिम अनुमतिका लागि भएको निर्णय अनुसार गाउँपालिकाको कार्यालयले सम्बन्धित विद्यालयहरुलाई शैक्षिक सत्र सुरुहुनुभन्दा अगावै अनुसूची—४ बमोजिमको ढाँचामा अनुमती प्रदान गर्नेछ ।

७ उपदफा ५ बमोजिम अनुमतिका लागि निर्णय भएको विद्यालयले अनुसुची—३ मा उल्लेखित शर्त बन्देजहरु पालना गर्नु निजको कर्तव्य हुनेछ , साथै अनुसुची—३ मा उल्लेखित शर्त बन्देजहरु पालना सम्बन्धमा सम्बन्धित विद्यालयका संस्थापकहरुसँग गाउँपालिकाको कार्यालयले कबुलियतनामा समेत गर्नुपर्नेछ ।

## परिच्छेद—चार

### (४) धरौटी रकम जम्मा गर्नुपर्नेः

१ संस्थागत विद्यालय खोल्ने अुनमति लिदा विद्यालय सञ्चालनको सरक्षण वापत माध्यमिक विद्यालयका लागि रु. पाँच लाख, आधारभूत विद्यालयका लागि रु. तीन लाख जम्मा गर्नुपर्नेछ ।

२ संस्थागत विद्यालयले दफा १ बमोजिमको धरौटी वापतको रकम गाउँपालिकाको कार्यालयले तोकेको बैकमा मुद्धती खाता खोली जम्मा गर्नुपर्नेछ ।

३ दफा २ बमोजिमको मुद्धती खाता गाउँपालिकाको शिक्षा अधिकृत र विद्यालय संस्थापकहरु मध्येबाट छनौट भएको संस्थापकको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

## परिच्छेद— पाँच

### (५) विविध

१ यस पुर्व प्रचलित शिक्षा ऐन नियमावली अनुसार स्थापना भई सञ्चालनमा रहका संस्थागत विद्यालयहरुले हाल माथिल्लो तह तथा कक्षा थप अनुमति माग भएको हकमा साविक कम्पनी वा शैक्षिक गुठी जुन रुपमा सञ्चालन भएको छ सोही स्वरुपमा र हाल नयाँ स्थापना भई सञ्चालनमा आउने संस्थागत संस्थागत विद्यालयको हकमा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट जारी हुने गाउँ शिक्षा ऐन तथा नियमावली अनुसार निर्धारित स्वरुपमा सञ्चालन हुनुपर्नेछ ।

२ संस्थागत विद्यालयहरुले शुल्क तथा वितरण गर्नुपर्ने छात्रवृत्ती सम्बन्धमा गाउँशिक्षा ऐन तथा नियमावली र सालबसाली रुपमा आउने आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

३ सामान्यतया एक शैक्षिक सत्रमा एउटा कक्षा भन्दा बढी कक्षाहरुको अनुमति दिइनेछैन ।

४ आवश्यकता अनुसार यस यो कार्यविधि गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

५ यस कार्यविधिले समेट्ने नसकेका अन्य पक्षहरु सम्बोधन तथा नियमन गर्नु परेमा प्रचलित ऐन नियमावली अनुसार हुनेछ ।

६ विद्यालय सञ्चालन पुर्वाधारका सम्बन्धमा अनुसूची—२ का अतिरिक्त अनुसुची—५ समेतलाई आधार लिन सकिनेछ ।

## अनुसूची–१

### (दफा ३.१ सँग सम्बन्धित)

### विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान अध्यक्ष ज्यू,

बैजनाथ गाउँपालिका

रामपुर, बाँके

विषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा ।

महोदय,

शैक्षिक सत्र ..................... देखि ...................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको :

१. नामः

२. ठेगानाः बैजनाथ गाउँपालिका . ............... वडा नं. ............. टोल फोनः ................... फ्याक्स नं. ..................................

३. किसिमः (१) सामुदायिक (२) संस्थागत (अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाः

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधारः

१. भवनकोः (१) संख्याः (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजनिक

२. कोठाको विवरणः

कोठाको संख्या लम्वाई चौडाई उचाई

झ्याल ढोकाको अवस्था प्रकाश वत्तीको अवस्था

३. फर्निचरको संख्याः

(१) डेस्क (२) बेञ्च (३) टेबल (४) दराज (५) मेच

(६) अन्य

४. खेलकूद मैदानको अवस्था र जग्गाः (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या : (१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने ।

६. खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्याः

८. प्रयोगशालाः सामग्रीः

९. सवारी साधनको विवरणः

१०. शैक्षिक सामग्रीको विवरणः (ग) विद्यार्थी संख्याः (प्रस्तावित) कक्षा संख्या (घ) शिक्षक संख्याः (प्रस्तावित) (ङ) आर्थिक विवरणः (प्रस्तावित) १. अचल सम्पत्तिः २. चल सम्पत्तिः ३. वार्षिक आम्दानीः ४. आम्दानीको स्रोतः माथि लेखिएका विवरण हरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको–

सहीः

नामः

ठेगानाः

मितिः

संलग्न गर्नु पर्ने कागजातहरु :

(१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

(४) सम्बन्धित वडा समितिको सिफारिस ।

## अनुसूची–२

## विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु

(क) कक्षा कोठाहरू सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तै( सेतोपाटी,कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनु पर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने मैदान हुनु पर्ने,

(ञ) प्रारम्भिक वाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

(ठ) विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया २५ जना विद्यार्थी हुनु पर्नेछ ।

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्नेः– माध्यमिक तहको ०–१० कक्षाका लागि – १४ जना माध्यमिक तहको ०–१२ कक्षाका लागि – १६ जना आधारभूत तहको ०–८ कक्षाका लागि – ९ जना आधारभूत तहको ०–५ कक्षाको लागि – ४ जना प्रारम्भिक बालबिकास केन्द्रको लागि – २ जना तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.५ हुनु पर्नेछ ।

(ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

(त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने,

(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने।

(ध) विद्यालयमा वालमैत्री अपाङ्गता मैत्री तथा वातावरण मैत्री हुनुपर्ने ।

## अनुसुची–३

### विद्यालयले अनुमति प्राप्त गरि सके पछि पालना गर्नुपर्ने शर्त बन्देजहरुः

(१) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्ने ।

(२) गाउँ शिक्षा समितिको स्वीकृत नलिई थप पाठ्यपुस्तक अध्यापन गराउने पाइनेछैन ।

(३) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गराउन नहुने ।

(४) अभिभावकको बार्षिक भेला गराई विद्यालयको आय–व्यय, शैक्षिक उपलब्धी र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनुपर्ने ।

(५) विद्यालयले गरेको लगानीको अभिलेख राख्नुका साथै यस नियमावली बमोजिम आय–व्ययको लेखा राख्नुपर्ने ।

(६) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैगिंक, सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने ।

(७) विद्यालयमा नियमित रुपमा परियोजना कार्य, सामाजिक सेवा, अतिरिक्त क्रियाकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

(८) विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशीलता प्रवद्र्धन, सामाजिक सदभाव प्रवद्र्धन तथा सामाजिक विकृति उन्मुलनको वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार स्वीकृतका लागि पस्तुत गर्ने र आवश्यक व्यवस्था मिलाउने ।

(९) आवासीय विद्यालयमा गाउँशिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाजा तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नुपर्ने ।

(१०) विद्यार्थी संख्याको आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने ।

(११) मन्त्रालय तथा शिक्षा शाखाले निर्धारण गरेको ढाँचामा विद्यालय शैक्षिक तथ्याङ्क तयार गरी तोकिएको समयभित्र शिक्षा शाखामा बुझाउने ।

(१२) विद्यालयले विद्यार्थीका लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानुन बमोजिम मापदण्ड अनुरुप परिक्षण गरिएको हुनुपर्ने ।

(१३) तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा सफा र सुरक्षित राख्नुपर्ने ।

(१४) प्रत्येक बर्ष विद्यालयको सामाजिक तथा आर्थिक परिक्षण गराई त्यसको प्रतिवेदन शिक्षा शाखामा पठाउनुपर्ने ।

(१५) गाउँकार्यपालिका तथा गाउँसभाले पारित गरेको कानुन तथा शैक्षिक नीतिको अधिनमा रहि काम गर्नुपर्ने ।

## अनुसुची–४

### विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री........................... ...............................।

....................................................................

विद्यालय खोल्ने सम्बन्धमा मिति...........................मा प्राप्त निवेदन उपर कारबाही हुँदा संस्थागत विद्यालय सञ्चालन अनुमति कार्यविधि २०७८ को दफा ३.३ अनुसुची– २ बमोजिम पुर्वाधार पुरा गरेको देखिएकोले शैक्षिक सत्र ....................देखि..................तहको कक्षा .........सम्मको विद्यालय संस्थागत पूर्णतया निजी स्रोतमा सञ्चालन गर्न यो अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको,– कार्यालयको छाप

सही :

मिति :

नाम :

पद :

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१